# Gap Inc.

# आपूर्तिकर्ताको आचारण संहिता

आपुर्तीकर्ताको यस आचरण संहिता Gap Inc. तथा यसका कुनै पनि सहायक प्रतिष्ठानहरु, शाखाहरु, यस अन्तर्गतका संस्थाहरु अथवा यसका प्रतिनिधिहरुका लागि सर-सामानहरु उत्पादन गर्ने सवै कारखानाहरुमाथि लागु हुनेछ।

विश्वभरि नै रहेका सुविधास्थलहरू अलग-अलग वैधानिक या सांस्कृतिक वातावरण भित्र संचालित रहन्छन् भनेर Gap Inc. ले स्वीकार गर्नका सथै यस संहिताले Gap Inc. सित व्यापार गर्नका लागि सबै सुविधास्थलहरूले पालना गर्नैपर्ने आधारभूत आवश्यकताहरू निर्धारण गरेको छ। यो संहिता अन्तर्राष्ट्रिय श्रमिक संगठन (ILO) को कोर कन्भेन्शन तथा मानव अधिकारको विश्वव्यापी घोडणा लगायत अन्तर्राष्ट्रिय स्तरमै स्वीकृत श्रमिक मापदण्डहरूमा आधारित छ। यो संहिताले Gap Inc. लाई सुविधास्थलको रोजगारबारे चलनहरू तथा पर्यावरणीय नियमहरूको पालना बारे निरन्तर मूल्याङ्कन गर्ने आधार प्रदान गर्छ।

## I. नियमहरूको पालना

Gap Inc. का लागि सर-सामान उत्पादन गर्ने सुविधास्थलहरूले उनीहरूका देशको कानूनहरू तथा अन्य प्रचलित कानून, नियम तथा विधानहरू पूर्ण रूपमा पालना गरी चल्नुपर्छ। Gap Inc. का साथमा व्यापार गर्ने एउटा शर्तका रूपमा, प्रत्येक बिक्रेताहरूले यस आपूर्तिकर्ताको आचारण संहिता पाललना गर्नैपर्छ। अनुपालन भएको नभएको मूल्यांकन गरी सो कुरा सुनिश्चित गर्न Gap Inc. ले आकलन तथा सुधार प्रणालीहरूको विकास गर्न जारी राख्नेछ। स्थानीय कानूनको आवश्यकता र Gap Inc. COVC मा भएका प्रावधानहरू बीच मतभिन्नता भएको अवस्थामा, दुई मध्ये जुन बढी कडा छ त्यो लागू हुनुपर्छ। सर-सामानहरूको उत्पादनका लागि विक्रेता र विक्रेताका सहयोगीहरूले Gap Inc. द्वारा स्वीकृत सुविधास्थलहरू मात्र प्रयोग गर्नुपर्छ। यी सुविधास्थलहरू प्रयोग गर्नका लागि विक्रेताहरू उत्पादन सुरू गर्नु अघि Gap Inc. बाट पूर्व लिखित अनुमति प्राप्त गर्नुपर्छ।

## II. पर्यावरण

सुविधास्थलहरूले सबै प्रचलित पर्यावरणीय कानून तथा विधानहरूको पालना गर्नुपर्नेछ। सुविधास्थलहरूले उर्जा तथा हरितगृह ग्यास (GHG) उत्सर्जन, वायु प्रदूषण (वायुमा उत्सर्जन), पानी खपत, पानीको गुणस्तर, फोहोर पानी, फोहोर डाइभर्सन तथा व्यवस्थापन र रसायन प्रयोग तथा व्यवस्थापन लगायत उनीहरूले पर्यावरणमा पार्ने प्रभावलाई व्यवस्थित गर्नुपर्छ।

## III. श्रम

### A. बाल श्रम

सुविधास्थलहरूले प्रचलित न्यूनतम वैधानिक उमेर अथवा कम्तिमा 15 वर्ष, जुन धेरै हुनेछ, पुगेका कामदारहरूलाई मात्र नियुक्त गर्नुपर्नेछ। सुविधास्थलहरूले अन्य सबै प्रचलित बाल श्रम कानूनहरूको पनि पालना गर्नुपर्नेछ। सुविधास्थलहरूलाई उनीहरूका कामदारका शैक्षिक हितका लागि विधिवत कार्यस्थलीय प्रशिक्षण कार्यक्रमको विकास गर्न प्रोत्साहन गरिन्छ, तर सब सहभागीहरूको न्यूनतम उमेर Gap Inc. को मापदण्ड अनुसार न्यूनतम उमेर १५ वर्ष पुगेको तथा उमेर सम्बन्धी कानूनी आवश्यकताहरू दुवै अनुसार पूरा गरेको हुनुपर्नेछ।

### B. विदेशी करार श्रमिक

विदेशी कामदारहरूलाई करारमा नियुक्त गर्ने सुविधास्थलहरूले यी कामदारहरूलाई पनि उनीहरूका स्थानीय कामदारहरू सरह नै समान तथा उचित रूपमा व्यवहार गर्नुपर्नेछ। प्रवासी कामदारहरूलाई बलजफत गरी, अनिवार्य, बन्धनयुक्त, वा अनुबन्ध गरिएको श्रमको विषय बनाइने छैन। सबै कामहरू स्वैच्छापूर्ण हुनुपर्छ र कामदारहरूले दण्डसजायको भागी भए बिना कुनैपनि समयमा आफ्नो रोजगार समाप्त गर्न पाउनुपर्छ। रोजगार गर्न वा कामदारहरूलाई दण्डसजायको भागी नभइकन आफ्नो रोजगार कुनैपनि समयमा स्वैच्छिक रूपमा समाप्त गर्न नदिन बलजफती गर्ने उद्देश्यले प्रवासी कामदारहरूलाई (वा उनीहरूको परिवारलाई) दोषारोपण गरी निकायहरूमा बुझाउने धम्की दिइनेछैन।

### C. भेदभाव

सुविधास्थलहरूले कामदारहरूलाई उनीहरूका काम गर्ने क्षमताका आधारमा नियुक्त गर्नुपर्नेछ, उनीहरूको व्यक्तिगत विशेषता वा आस्थाका आधारमा होइन।

### D. बाध्य श्रम

सुविधास्थलहरूले बन्दी श्रम, कर्जा बन्धन, दास वा बाध्य श्रम लगायत कुनैपनि किसिमको अनेच्छिक श्रम प्रयोग गर्नेछैनन्।

### E. संगठनको स्वतन्त्रता

कामदारहरू स्वतन्त्र रूपमा आफनै इच्छा अनुरूपका संगठनहरूमा सम्मिलित हुन सक्नेछन्। सुविधास्थलहरूले कानून सम्मत तथा शान्तिपूर्ण तरिकामा सहभागी हुने संगठित हुने अनि सामूहिक रूपमा मागहरूका लागि मोलतोल गर्ने कार्यमा कामदारहरूलाई हस्तक्षेप गर्नु हुनेछैन। यसो गर्ने वा नगर्ने निर्णय स्वयं कामदारहरूले मात्र गर्नेछन्।

### F. मानवीय व्यवहार

सुविधास्थलहरूले सबै कामदारहरूसित सम्मान तथा मर्यादापूर्ण व्यवहार गर्नुपर्नेछ। सुविधास्थलहरूले कामदारहरूलाई शारीरिक दण्ड दिन अथवा कुनै पनि रूपमा शारीरिक या मानसिक बलजफती प्रयोग गर्नु हुनेछैन।

### G. ज्याला तथा सुविधाहरू र रोजगारका शर्तहरू

सुविधास्थलहरूले सबै प्रचलित कानून अनुसार ज्याला तथा ओभरटाइम भत्ता भुक्तान गर्नुपर्नेछ। कामदारहरूलाई कम्तिमा पनि कानून अनुसारको न्यूनतम ज्याला अथवा स्थानीय औद्योगिक मापदण्ड अनुरूपको ज्याला, जुन धेरै हुन्छ, दिनुपर्नेछ। सुविधास्थलहरूलाई कामदारहरूको आधारभूत आवश्यकता पूरा गर्ने तथा केही विवेकपूर्ण आयका लागि प्रसस्त हुने प्रकारको ज्याला प्रदान गर्नलाई प्रोत्साहन गरिन्छ।

### H. काम गर्ने समय

सुविधास्थलहरूले सबै प्रचलित कानून अनुसार काम गर्ने समय निर्धारण गर्नुपर्नेछ। कपडाको उत्पादन गर्ने कार्यमा प्रायजसो अतिरिक्त समय काम गर्न जरूरी हुन्छ भनेर बुझ्न सकिए पनि सुविधास्थलहरूले अतिरिक्त समय काम गर्ने कार्यलाई मानवीय र उत्पादनशिल अवस्था अनुरूप हुने प्रकारले सीमित राख्नुपर्छ।

## IV. काम गर्ने वातावरण

### A. पेशागत स्वास्थ्य तथा सुरक्षा

काम गर्ने वातावरणका सम्बन्धमा सुविधास्थलहरूले सबै प्रचलित कानून तथा विधानहरूको पालना गर्नुपर्नेछ तथा कामदारहरूलाई एउटा सुरक्षित तथा वातावरण प्रदान गर्नुपर्नेछ।

### B. शयनकक्ष (लागू हुने भएमा)

कामदारहरूका लागि आवास गृह उपलब्ध गराउने उपलब्ध गराउने सुविधास्थलहरूले यी स्थानहरूलाई स्वच्छ तथा सुरक्षित राख्नुपर्नेछ।

## V. व्यवस्थापन प्रणालीहरू

सुविधास्थलहरूले प्रचलित कानून, विधान, र COVC अनुपालन भएको छ भनी निश्चित गर्नका लागि उचित कार्यसञ्चालन नियन्त्रणहरू भएका चिरस्थायी व्यवस्थापन प्रणालीहरू स्थापना गर्नेछन्। व्यवस्थापन प्रणालीहरूले चिरस्थायी हुने कार्यमा बाधा पार्न सक्ने जोखिमहरूलाई पहिचान गरी नियन्त्रण गर्नेछन्, र निरन्तर सुधार गर्न मद्दत गर्नेछन्।

GAP BANANA REPUBLIC OLD NAVY ATHLETA